मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलान्चोक,
३ नं. प्रदेश, नेपाल

०११४१२११२
०११४१२११३
०११४१२११४

मितिः २०७६।४।०६

# सूचना ! सूचना !! सूचना !!!

**विषयः सडकमा पानी चुहाउँदै ढुवानी गर्न, निर्माण तथा अन्य सामाग्री राख्न, नाली तथा बाटोमा माटो खसाल्न रोक लगाइएको सम्वन्धमा ।**

नगरपालिका भित्रका सार्वजनिक बाटोहरु प्रयोग गर्दा बाटो अबरुद्ध हुने तथा बाटो बिग्रने गरि बाटोको प्रयोग, ढुवानी तथा निर्माण कार्यहरु भई रहेको देखिएको, बाटो अबरुद्ध हुने गरि विभिन्न सामानहरु राखेको पाइएकोले नगरकार्यपालिकाको मिति २०७६।३।२३ गतेको निर्णय बमोजिम तपसिलमा उल्लेखित कार्यहरु नगर्न नगराउन हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तल तोकिए बमोजिम जरिवाना गरिने व्यहोरा जानकारी गराइन्छ ।

<u>तपसिलः</u>

१. पक्की सडकमा नदिजन्य पदार्थ तथा अन्य ढुवानी गर्दा पानी चुहाउँदै ढुवानी नगर्नु हुन ।
२. सडकमा मल, निर्माण सामाग्री, अन्नपात नराख्न, नसुकाउन, नझार्नु हुन ।
३. बाटो छेउको नालि नपुर्न, सहायक बाटो निर्माण गर्दा नाली तथा मुल बाटोमा माटो नखसाल्नु हुन ।
४. प्रेसर हर्न नबजाउन हुन तथा तिब्र गतिमा सवारी साधन नचलाउन हुन ।

<u>जरिवाना :</u>

१. पक्की सडकमा पानी चुहाउँदै ढुवानी गरेमा ठुला सवारी साधनलाई रु २५०००।०० र साना सवारी साधनलाई रु १५०००।०० जरिवाना गरिनेछ ।
२. सडकमा मल, निर्माण सामाग्री, अन्नपात राखेमा, सुकाएमा, झारेमा, बाटो छेउको नालि पुरेमा, सहायक बाटो निर्माण गर्दा नाली तथा मुल बाटोमा माटो खसालेमा यस्तो कार्य गर्नेलाई पहिलो पटक रु ३०००।०० र दोस्रो पटक देखि रु ५०००।०० जरिवाना गरिनेछ ।
३. प्रेसर हर्न बजाएमा तथा तिब्र गतिमा सवारी साधन चलाएमा प्रचलित ऐन, नियम अनुसार कारवाही र जरिवाना गरिनेछ ।

०७६/४/६
प्रमुख प्रशासकीय अधिकृत